# कोहलपुर नगरपालिका
# नगर प्रहरी (दोस्रो संसोधन) ऐन, २०७७

स्वीकृत मिति: २०७९/०३/१६

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

कोहलपुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिकाको कार्यालय
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# कोहलपुर नगर प्रहरी (दोस्रो संसोधन) ऐन, २०७७

पहिलो संसोधन २०७८/१०/२३

दोस्रो संसोधन २०७९/०३/१६

<u>प्रस्तावना</u>ः कोहलपुर नगरपालिकामा नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गर्न नेपालको संविधानको अनुसुची ८ मा रहेको एकल अधिकारलाई कार्यान्वयनका लागि कानून बनाउन वाञ्छनीय भएकोले, धारा २२६ ले दिएको अधिकार प्रयोग गरी कोहलपुर नगरपालिकाको एघारौं नगरसभाले संसोधन गरी यो ऐन बनाएकोछ ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कोहलपुर नगर प्रहरी (दोस्रो संसोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले कोहलपुर नगर प्रहरी ऐन, २०७७ लाई सम्झनु पर्छ ।

(ख) "नगरपालिका" भन्नाले कोहलपुर नगरपालिका सम्झनु पर्छ ।

(ग) "नगर सभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१ ) बमोजिमको कोहलपुर नगरसभा सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "प्रमुख" भन्नाले कोहलपुर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कोहलपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ । सो शब्दावलीले त्यस्तो नियमावली नबने सम्मका लागि यस ऐन बमोजिम कार्यपालिकाले गरेको पटके निर्णयलाई समेत जनाउनेछ ।

(ज) "नगर प्रहरी" भन्नाले कोहलपुर नगरपालिकाबाट नियुक्त प्रहरी कर्मचारीलाई सम्झनु पर्छ ।



आचार्य

(झ) "समिति" भन्नाले कोहलपुर नगरपालिकाको यस ऐन बमोजिम गठित पदपूर्ति समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## नगर प्रहरीको गठन र परिचालन

**३.नगर प्रहरीको गठनः** (१) नगरपालिकाको नीति ,कानून, मापदण्ड, कार्यान्वयन गर्न, सुरक्षा र संरक्षण, व्वस्थापन, नियन्त्रण, खोजी, उद्धार, राहत तथा पुर्स्थापना एवं नेपाल सरकारको कार्य विस्तृतीकरण बमोजिम नगर प्रहरीसँग सम्बन्धित अधिकार प्रयोग गरी नगरकार्पालिका तोकेका अन्य कार्य गर्नका लागि एक कोहलपुर नगर प्रहरी सेवा रहनेछ ।

(२) नगरपालिकामा रहने नगर प्रहरीको पद र तह नगर सभाबाट स्वीकृत संगठन संरचना बमोजिम हुनेछ । यसरी स्वीकृत नभएसम्मको लागि कार्यपालिकाले करारमा पदपूर्ति गर्न अस्थायी दरबन्दी सिर्जना गर्न सक्नेछ ।

(३) उप दफा ३ बमोजिमको दरबन्दी सिर्जना गर्दा देहाय बमोजिमका पदहरु कायम हुन सक्नेछन् ।

(क) नगर प्रहरी निरीक्षक

(ख) नगर प्रहरी नायव निरीक्षक

(ग) नगर प्रहरी सहायक निरीक्षक

(घ) नगर प्रहरी हल्दार

(ङ) नगर प्रहरी जवान

**४.नगर प्रहरीको पोषाक र चिन्हः** (१) नगर प्रहरीको एक छुट्टै पोषाक हुनेछ । पोषाकमा नेपाल प्रहरीको पोषाकमा जस्तै तत् तत् ठाउँमा पद अनुसारको नाम एवं दर्ज्यानी चिन्ह रहनेछ । निजहरुको पोषाकको पाखुरातर्फ कोहलपुर नगरपलिकाको छुट्टै लोगो चिन्ह रहनेछ ।

(२) उप दफा १ बमोजिमको दर्ज्यानी चिन्ह देहाय बमोजिम हुनेछन्।

(क) नगरप्रहरी निरीक्षकको कुममा डण्डाक्रस खुकुरी

(ख) नगर प्रहरी नायव निरिक्षको कुममा दुई तारा

(ग) नगर प्रहरी सहायक निरीक्षकको कुममा एक तारा

(घ) नगर प्रहरी हल्दार कुममा तीन धर्का

(ङ) नगर प्रहरी जवान कुममा फिता मात्र

५.नगर प्रहरीको परिचालनः देहायका कार्यमा नगर प्रहरी परिचालन गरिनेछः-

(क) नगरपालिकाको नीति, कानून, मापण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) नगरपालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) नगरपालिका भित्रका बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

(ज) विपद् ब्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,

(झ) अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,

(ञ) छाडा पशु चौपायको नियन्त्रण,

(ट) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण ।

(ठ) नगर कार्यपालिकाले तोकेको एवं लाए अह्रायका अन्य कार्य ।

## परिच्छेद - ३

## नगर प्रहरी व्यवस्थापन

६. नगर प्रहरी व्यवस्थापनः (१) नगरपालिकाको स्वीकृत दरबन्दी संरचनाभित्र नगर प्रहरी स्थायी नियुक्ति गरी कार्य गराईनेछ ।

(२) नगर प्रहरीको नियूक्ती प्रदेश कानुन बमोजिम प्रदेश लोक सेवा आयोगको सिफारिसमा हुनेछ ।

(३) यस ऐन बमोजिम रिक्त हुन आउने पदहरुको प्रत्येक वर्ष प्रदेश लोक सेवा आयोगले तोकेको सीमाभित्र रही माग आकृति फारम भरी पठाउनु पर्नेछ।

(४) उपदफा (२) बमोजिम नियुक्ति नभए सम्मको लागि कार्यपालिकाले तोकेको संख्यामा करार सेवामा पदपूर्ति गर्न देहाय बमोजिम पदपुर्ति समिति रहनेछ ।

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| जिल्ला वा ईलाका प्रहरी कार्यालयको प्रहरी निरीक्षक वा माथिल्लो श्रेणीको अधिकृत प्रतिनिधी | -सदस्य |
| नगरपालिकाको प्रशासन शाखा प्रमुख | -सदस्य |

(५) उपदफा (४) बमोजिम नगर प्रहरी नियूक्ती गर्दा शारिरीक तन्दुरुस्ती परीक्षण, लिखित एवं मौखिक परीक्षा गरी खुला प्रतियोगिता द्वारा गरिनेछ ।

(६) परीक्षाको पाठ्यक्रम, अंकभार र परीक्षा संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । यसरी नतोकिने अवधिभर यस्तो परीक्षा संचालन गर्नुपर्दा नेपाल प्रहरीको समान तत् तत् समान पदको लागि निर्धारित पाठ्यक्रम र परीक्षा प्रणाली अवलम्बन गर्नुपर्नेछ ।

(७) करार सेवामा कार्यरत नगर प्रहरीको वार्षिक करार सम्झौता गरी सोही बमोजिम ब्यवस्थापन गरिनेछ।

७. **पदपूर्तिको लागि प्रतिशत निर्धारणः** (१) खुल्ला प्रतियोगिता द्वारां पदपुर्ति गरिने पदमध्ये कूल रिक्त पदको पचपन्न प्रतिशत खुल्लातर्फ पदसंख्या निर्धारण गरी बाँकीलाई शत प्रतिशत मानी देहाय बमोजिम प्रतिशतको निर्धारण गरी पदपूर्ति गर्नु पर्नेछ ।

महिला तर्फ - ४० प्रतिशत

खस आर्यतर्फ २० प्रतिशत

आदिवासी जनजाती एवं मधेसीतर्फ -२५ प्रतिशत

दलिततर्फ - १५ प्रतिशत

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै पनि आरक्षण पदमा दरखास्त नपरेमा वा उपयुक्त उम्मेदवार छनौट हुन नसकेमा त्यस्तो सीटलाई सोही विज्ञापनमा खुलातर्फ परिणत गरी पदपूर्ति गरिनेछ ।

(३) प्रतिशत निर्धारण गर्दा दशमलव पछिको अंकलाई क्रमशः तल्लो समूहमा जोड गरी मिलान गरिनेछ ।

पूर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

८. **योग्यता एवं सेवा सुविधाः** (१) यस ऐन बमोजिम स्थायी वा करारतर्फ पदपूर्तिको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

क) उमेर तथा शैक्षिक योग्यताः

| सिनं | पद | उमेर | न्यूनतम् शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | नगर प्रहरी निरीक्षक | २१ वर्ष पूरा भई २६ वर्ष ननाघेको | स्नातक वा सो सरह |
| २ | नगर प्रहरी नायव निरीक्षक | बढुवा वा भूपू प्रहरीबाट मात्र पदपूर्ति गरिने | |
| ३ | नगर प्रहरी सहायक निरीक्षक | १८ वर्ष पूरा भई २५ वर्ष ननाघेको | १०+२ वा सो सरह |
| ४ | नगर प्रहरी हवल्दार | १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको | एसईई वा सो सरह कम्तीमा 'बी' ग्रेड |
| ५ | नगर प्रहरी जवान | १८ वर्ष पूरा भई २३ वर्ष ननाघेको | एसईई वा सो सरह |

ख) यस दफा बमोजिम पदपूर्ति गर्दा भूतपुर्व प्रहरीबाट पदपूर्ति गर्ने भनी कार्यपालिकाले निर्णय गरेको खण्डमा उमेर निरीक्षक, नायव निरीक्षक, सहायक निरीक्षक पदको लागि अधिकतम् ५२ वर्ष र हवल्दार तथा जवान पदको लागि अधिकतम् ४० वर्ष उमेर हुनुपर्नेछ । तर उमेर ५८ वर्ष पुगेपछी स्वतः सेवाबाट अलग हुनेछ ।

ग) शैक्षिक योग्यताको प्रमाण पत्र पेश गर्दा समकक्षता नखुलेको वा विदेशि विश्वविद्यालयको हकमा नेपालको मान्यता प्राप्त विश्वविद्यालयबाट त्यस्तो समकक्षता प्रमाण राखुपर्नेछ ।

घ) भूतपूर्व सेवाबाट पूर्ति गर्ने पदमा शैक्षिक योग्यता लागु हुने छैन।

(२) देहायको ब्यक्ति यस ऐन बमोजिम पदपूर्ति प्रक्रियामा भाग लिन योग्य हुनेछैनः

क) गैर नेपाली नागरिक

ख) कुनै पनि राजनीतिक दलको सदस्य रहेको

ग) नैतिक पतन देखिने गरी कुनै फौंजदारी अभियोगमा सजाय पाएको

घ) तोकिए बमोजिमका वा सूचना प्रकाशन गर्दा तोकेका अन्य अयोग्यता ।



प्रसाद आचार्य
प्रमुख

९. सेवा सुविधाः (१) यस ऐन बमोजिम नियुक्त नगर प्रहरीले तोकिए बमोजिमको तलव, भत्ता, पोषाक, राशन खर्च एवं अन्य सेवा सुविधा नियुक्ती भएको मितिबाट पाउनेछ ।

## परिच्छेद - ४

## पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार

१०. **पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार :** (१) पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) यस ऐनमा तोके बमोजिमको प्रतिशत निर्धारण गर्ने ।

ख) पाठयक्रम तर्जुमा, हेरफेर तथा परिमार्जन गर्ने ।

ग) पदपूर्ति कार्य तालिका बनाउने ।

घ) विज्ञापन प्रकाशन गर्ने र

ङ) शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गरी लिखित परीक्षाको लागि संख्या निर्धारण गरी नतिजा प्रकाशन गर्ने ।

२) सूचनाको म्याद पदपूर्तिका लागि विज्ञापन गर्दा दरखास्त पेश गर्न १५ दिनको म्याद दिई राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ ।

३) तालिमको व्यवस्था गरी नयाँ नियूक्ती हुने नगर प्रहरी कर्मचारीलाई कम्तीमा १५ दिनको तालिम दिई कामकाजमा खटाईनेछ ।

४) तालिमको पाठ्यक्रम र विधि तोकिए बमोजिम हुनेछ । यसरी नतोकिंदा सम्म जिल्ला प्रहरी कार्यालय वा इलाका प्रहरी कार्यालयमा अनुरोध गरी तालिम संचालन गर्न सकिनेछ । यसरी तालिम गर्दा लाग्ने खर्च नगरपालिकाले ब्यहोर्नेछ ।

५) पदपूर्तिको लागि अतिरिक्त योग्यता जस्तै कम्प्युटर सीप, सवारी चालक अनुमति पत्र, स्थानीय वापत्, माथिल्लो शैक्षिक योग्यता लगायतका विषय तोक्न सकिने छ ।

६) नगर प्रहरीको पोशाकको रंग, किसिम र अन्य विवरण तोकिए बमोजिम वा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

## परिच्छेद – ५

## विदा सम्वन्धी व्यवस्था

१०. **नगर प्रहरीको लागिः** नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिम बमोजिमका विदा उपलब्ध हुनेछन ।

(१) स्थायी नगर प्रहरीको हकमा नगरपालिकामा कार्यरत अन्य स्थायी कर्मचारीको अतिरिक्त सट्टा विदा तोकिए बमोजिम थप उलब्ध गराइनेछ।

(२) करारको हकमा करार सम्झौतापत्रमा उल्लेख भए बमोजिम हुनेछ।

(३) विदादिने अधिकारीले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राख्ने र प्रशासन शाखालाई १५ दिनभित्र अनिवार्य लिखित जानकारी दिनु पर्नेछ ।

## परिच्छेद – ६

## कसूर तथा सजाय

११. **कसूर र सजायः** (१) नगर प्रहरीले नाजायज फाईदा लिने गरी वा आफुलाई मात्र फाईदा पुग्ने किसिमको कुनै काम गरेमा प्रचलित कानून बमोजिम कसुर मानि सजाय हुनेछ ।नसिहत दिने, तलब वृद्धि रोक्का गर्ने, घटवा गर्ने, लापरबाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण रुपमा तलब भत्ताबाट कट्टी गरी अशुलउपर गर्ने, भविष्यमा कोहलपुर नगरपालिकामा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गर्ने ।

(२) नगर प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउँने आदेश अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।सजायको आदेश दिनु अघि कारबाही गर्न लागिएको विषय र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिईनेछ ।

(३) नगर प्रहरीले देहाय बमोजिमको कसुर गरेमा सेवाबाट हटाउने वा बर्खास्त गर्नेः

क. पदीय जिम्मेवारी पुरा नगरेमा

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

ख. राजनीतिमा लागेमा

ग. राजिनामा दिएमा

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएमा

ङ. कार्यालय समयमा मादक पदार्थ सेवन गरी आएमा।

## परिच्छेद – ७

## विविध

१२. **ऐन संशोधन** :यस ऐनको आवश्यक संशोधन तथा थपघट कोहलपुर नगर सभाले गर्न सक्नेछ ।

१३. **नियम तथा कार्यविधि बनाउँन सक्ने** : (१) यस ऐन बमोजिम नगर कार्यपालिकाले आवश्यक नियम तथा कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(२) यस ऐनमा तोकिए बमोजिम भनिएको विषयमा नियमावली नबने सम्मको लागि कार्यपालिकाले गरेको निर्णय मान्य हुनेछ।

१४. **खारेजी र बचाउ**ः यस अघि नगर प्रहरी सम्बन्धी बनेका सम्पूर्ण ऐन नियमावली खारेज गरिएको छ । सो ऐन नियमावली बमोजिम भए गरेका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

पुर्ण प्रसाद आचार्य
नगर प्रमुख